नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७७ चैत्र महिनाको कार्यसम्पादनसम्बन्धी सार्वजनिक जानकारी-पत्र

वर्ष-१ अंक-९

## १. परिचय

संघीय सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरुप बाल अधिकारको संरक्षण र सम्वर्धनका कार्यहरु गर्न गराउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद् गठन गरेको छ । यस परिषद्ले तिनै तहका सरकारहरुलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरु तथा बाल संरक्षण प्रणाली (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र सम्बर्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य गर्नुका साथै संघीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरु गर्ने जिम्मेवारी यसै परिषद्को रहेको छ ।

## २. उद्देश्यहरू:


परिषद्को मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र सम्वर्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान,संरक्षण,प्रवर्धन र परिपूर्तिका लागिआवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रसार प्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

## ३. परिषदले २०७७ चैत्र महिनामा सम्पादन गरेका कार्यहरू

### बालसंरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर यस महिनामा हराएका, उजुरी परेका ४४४ जना (१३५ बालक, ३०९ बालिका) जना बालबालिकाको खोजतलास गरी १८९ जना (६२ बालक, १२७ बालिका) बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ भने २५५ जना बालबालिका (७३ बालक र १८२ बालिका)को खोजतलास कार्य जारी रहेको छ । २०७७ श्रावण महिनादेखि चैत्र मसान्तसम्म हराएका २८३२ जना बालबालिका मध्ये (बालक ६६२ र बालिका २१७०) मध्ये १५१३ जना बालबालिका (३६४ बालक र ११४९ बालिका) फेला परेका छन् भने १३१९ (बालक २९८ र बालिका १०२१) बालबालिकाको खोजीकार्य जारी रहेको छ । यस महिनामा प्रदेशगत रूपमा हराएका र हराएर फेला परेका बालबालिकाको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । त्यसैगरी वेवारिस अवस्थामा १८ जना (बालक १४, बालिका ४) बालबालिका फेला परेका थिए । जसमध्ये ८ जना बालबालिका (बालक ५, बालिका ३)लाई पारिवारिक पुनर्मिलन गरिएको छ भने १० जना बालबालिका (बालक ९, बालिका १) लाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ ।



(ख) यस महिनामा ३७ जना सडक बालबालिका (बालक २७ र बालिका १०)को उद्धार गरिएको छ । संरक्षणमा राखिएका मध्ये ६ जना (बालक ३ र बालिका ३)लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस आर्थिक वर्षको चैत्र मसान्तसम्म सडकबाट उद्धार गरिएका २८८ जना (बालक २४९ र बालिका ३९) बालबालिका रहेका छन् । जसमध्ये २४९ जना (बालक २२१ र २८ बालिका) बालबालिकालाई संस्थागत संरक्षणमा राखिएको छ भने ३३ जना (२३ बालक र १० बालिका) बालबालिकाको पारिवारिक पुर्नमिलन गरिएको छ ।

(ग) मिति २०७७/१२/१८ र १९ गते राष्ट्रिय बाल अधिकार परीषदले श्रम तथा रोजगार रोजगार कार्यालय, बागमती, प्रहरी वृत जगाती र बाल हेल्पलाइन १०९८ काठमाडौसँगको समन्वय र सहकार्यमा बुढानिलकण्ठ नगरपालिका कपन र सुर्यविनायक नगरपालिका वडा नं ६, चुनदेवीबाट घरेलु बालश्रममा राखिएका २ जना बालिकालाई उद्धार गरी अस्थायी संरक्षण केन्द्रमा संरक्षण व्यवस्थापन गरिएको छ भने बालश्रममा लगाउने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाहि भएको छ ।

(घ) मिति २०७७ चैत्र २ गते ललितपुर जिल्लामा सञ्चालित एक इट्टा भट्टामा महिला, बालालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीज्यूको नेतृत्वमा स्थलगत अनुगमन गरी जोखिमपूर्ण कार्यमा संलग्न २ जना बालबालिकाको (बालक १ र बालिका १) उद्धार गरी अस्थायी संरक्षण सेवामा संरक्षण व्यवस्थापन गरिएको छ ।

(ङ) चैत्र महिनामा राष्ट्रिय बाल अधिकार परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र १०४ सँगको समन्वय र सहकार्यमा बल्खु, कलंकी, नयाँ बसपार्क कोटेश्वर, ग्वार्को, सातदोबाटो, लगनखेल, गौशाला, नरदेवी, इन्द्रचोक, पाटन, स्वयम्भू, जडिबुटी, कोटेश्वर र केशरमहल क्षेत्रमा सडकमा वस्तु विनिमय गर्ने श्रमिकको रुपमा लगाईएका तथा माग्ने कार्यमा संलग्न ५३ जना (बालक ४५ र बालिका ८) बालबालिकाको जोखिमपूर्ण अवस्थाबाट उद्धार गरी अस्थायी संरक्षण सेवामा संरक्षण, व्यवस्थापन गरेको छ । निज बालबालिकालाई श्रममा लगाउने व्यक्तिहरुको खोजिगरी श्रम कार्यलयको समन्वयमा आवश्यक कारवाहिको प्रक्रिया अघि बढाइएको छ ।

(च) परिषद्ले विभिन्न १२ वटा सामाजिक संस्थाको सहकार्यमा सञ्चालित १७ वटा स्थानबाट बाल हेल्पलाईन नं. १०९८ मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, व्यवस्थापन तथा सहयोग हुँदै आइरहेको छ । जस अनुसार मोरङ्बाट ६, उदयपुरबाट ३, मकवानपुरबाट ५, काठमाडौंबाट २१, सुर्खेतबाट ९, दैलेखबाट ७, कैलाली ५, बाँके ३, बाराबाट ९, शंखुवासभाबाट १, कालिकोटबाट ५ र चितवनबाट ७ जना गरी कूल ८१ जना ९बालक ३४, बालिका ४७० जोखिम, हिंसा तथा दुर्व्यहारमा परेका बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये ४७ बालबालिका (बालक १९ र बालिका २८) लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस महिना २६ जना (बालक ११ र बालिका १५) लाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ भने संस्थागत रुपमा ६ जना बालबालिका (२ बालक र ४ बालिका) लाई पुर्नस्थापना गरिएको छ । चालु आ.व.को चैत्र मसान्तसम्म कुल ६७१२ जना बालबालिका (बालक २५६३ र बालिका ४१४९)लाई निम्न लिखित सेवाहरू प्रदान गरिएको छः—

| क्र.स. | सहयोगको विवरण | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १. | स्वास्थ्य उपचार सहयोग | १२० | १९५ | ३१५ |
| २. | मनोसामाजिक मनोविमर्श | ७३१ | ९६८ | १६६३ |
| ३. | पारिवारिक परामर्श | ५७९ | ९३३ | १५०६ |
| ४. | कानूनी परामर्श | ८४ | ३३५ | ४१९ |
| ५. | स्याहार, सुरक्षा तथा संरक्षण सहयोग | ४९१ | ६२३ | १११४ |
| ६. | शैक्षिक सहयोग | २६० | ५०५ | ७६५ |
| ७. | बाल विवाह रोकथाम सहयोग | ३२ | १५० | १८२ |
| ८. | आय आर्जन सहयोग | १४ | ३८ | ५२ |
| ९. | अन्य सहयोग | २५२ | ४०२ | ६५४ |
| | जम्मा | २५६३ | ४१४९ | ६७१२ |

(छ) उपत्यका भित्रका काठमाडौं र ललितपुर जिल्लाका विभिन्न नगरपालिकामा सञ्चालित ३० वटा बालगृहको स्थलगत अनुगमन गरी ती बालगृहमा संरक्षित ८५० जना बालबालिका (बालक-३८० र बालिका-४७० ) को अवस्था अनुगमन गरिएको छ । ३० वटा

बालगृहमा संरक्षित ८५० जना बालबालिका मध्ये बाबुआमा दुबै नभएका १३७ जना, बाबु मात्रै भएका ९६ जना, आमा मात्रै भएका १९३ जना र बाबुआमा दुवै भएर पनि बालगृहमा रहेका ३९६ जना बालबालिका रहेका छन् भने अवस्था नखुलाएर पठाएका २८ जना बालबालिका रहेका छन् । ३० वटा बालगृह मध्ये २० वटा बालगृहले बैदेशिक अनुदान लिइ बालगृह सञ्चालन गरिरहेकोमा १३ वटा बालगृहले मात्रै समाज कल्याण परिषद् बाट स्वीकृती लिएको देखिन्छ । साथै ८ वटा संस्थाले स्वदेशी दाताबाट आर्थिक सहयोग लिएर बालगृह सञ्चालन गरिरहेका छन्  भने २ वटाले स्वदेशी र विदेशी दुबै बाट सहयोग लिइ रहेका छन् । अनुगमन गरिएका मध्ये ४ वटा बालगृहको दिगो तथा भरपर्दो आर्थिक स्रोत देखिएको छैन । अनुगमन गरिएका मध्ये २० वटा बालगृह मापदण्ड बमोजिम सञ्चालनमा रहेका छन् भने पूर्णरूपमा मापदण्ड अनुसार सञ्चालनमा नरहेको तर सुधार गर्न सक्ने अवस्थाका १० वटा बालगृहलाइ सुधारका लागि निर्देशन दिइएको छ ।

(ज) यस महिनामा विशेष संरक्षणको आवश्यकता भएका ८ (बालक ६, बालिका २) जना बालबालिकालाई आर्थिक सहयोग गरिएको थियो जसमध्ये क्यान्सर भएका ४ जना, पेट सम्बन्धी समस्या भएका १ जना, पालनपोषणका लागि सहयोग २ जना र खुट्टाको समस्या भएका १ जना रहेका थिए ।

## ४. समन्वय, अभिमूखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू

(क) मिति २०७७ चैत्र २ गते ललितपुर जिल्लामा सञ्चालित एक इट्टा भट्टामा महिला, बालालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीज्यूको नेतृत्वमा स्थलगत अनुगमन गरिएको थियो । उक्त कार्यमा राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक, मन्त्रालयका बाल संरक्षण तथा विकास शाखा प्रमुख, बागमती श्रम कार्यालयका प्रमुख, परिषद्का कर्मचारीहरू, बालबालिका खोजतलास समन्वय केन्द्र—१०४ का प्रमुख तथा कर्मचारीहरू, बाल हेल्पलाइन (१०९८) काठमाडौंका प्रमुख तथा प्रतिनिधि र सञ्चारमाध्यम समेतको सहभागितामा स्थानीय वडाध्यक्ष समेतको रोहबरमा गरिएको अनुगमन तथा उद्धार पश्चात परिषद्का अध्यक्ष एवम् माननीय मन्त्रीज्यूले बालबालिकालाई श्रममा नलगाउन, भट्टामा भएका संरचनाहरूमा न्यूनतम सुरक्षा मापदण्ड पुरा गर्न तथा मन्त्रालय, परिषद्, श्रम कार्यालय, स्थानीय तहसँग समन्वय गरी तत्काल कारवाही तथा सुधारको प्रक्रिया अघी बढाउन समेत निर्देशानुसार राष्ट्रिय बाल अधिकार परिषद्, ललितपुर महानगरपालिका वडा नं. २८ र २९ का वडा अध्यक्ष, स्थानीय प्रहरी सहितको टोलीले ५ वटा इट्टा भट्टमा स्थलगत अनुगमन गरी पृष्ठपोषण प्रदान गरिएको छ ।



(ख) मिति २०७७ चैत्र ११ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्को संयुक्त आयोजनामा बालश्रम न्यूनीकरण तथा बाल अधिकार सुनिश्चितताका लागि कानूनी प्रावधानहरूको कार्यान्वयन सम्बन्धी गण्डकी प्रदेशस्तरीय एक दिने अन्तर्क्रिया गोष्ठी पोखरामा सम्पन्न भएको थियो । गोष्ठीमा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री, माननीय सामाजिक विकास मन्त्री तथा सचिव, परिषद्का पदाधिकारीहरू, जिसस महासंघ नेपालका केन्द्रीय अध्यक्ष, जिसस महासंघ गण्डकी प्रदेशका अध्यक्ष, गण्डकी प्रदेशभित्रका सबै जिल्लाका जिसस प्रमुख, उप—प्रमुख, जिल्ला समन्वय अधिकारी, कास्की जिल्लाभित्रका सबै पालिकाका प्रमुख तथा अध्यक्षहरू, उप—प्रमुख तथा उपाध्यक्षहरू, गण्डकी श्रम कार्यालय, बालबालिका क्षेत्रमा क्रियाशील गैसस, पत्रकार लगायतका सरोकारवालाको सहभागिता रहेको थियो । गोष्ठीले गण्डकी प्रदेशमा बालश्रम न्यूनीकरण तथा बाल अधिकारको सुनिश्चितताका लागि ४ बुँदे प्रतिबद्धता समेत जारी गरेको छ ।




ग) मिति २०७७ साल चैत्र १०, ११ र १२ गते राष्ट्रिय बाल अधिकार परिषदको सहजीकरणमा बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्वन्धी कार्यविधि २०७७ को मस्यौदा तयारी वैठक तथा कार्याशाला गोष्ठी र बाल अधिकार समितिका पदाधिकारीहरुलाई बाल संरक्षण सम्बन्धी कार्यविधि विषयमा अभिमूखीकरण सम्पन्न गरिएको थियो। जुम्ला जिल्लाका हिमा गाउँपालिका, सिंजा गाउँपालिका र कनका सुन्दरी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कार्यपालिकाका सदस्य

र शाखा प्रमुखहरुको सहभागितामा सम्पन्न कार्यक्रममा ३ वटै गाउँपालिकाको बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७७ को मस्यौदा तयार गरी गोष्ठीले कार्यविधिको मस्यौदालाई स्वीकृतिका लागि यथाशीघ्र प्रक्रिया आगाडि बढाउने, तत्काल बालकोषको स्थापना गरी प्रत्येक पालिकाको स्थापना गरिएको बाल कोषको खातामा रु ४०००० हजारका दरले क्याड तथा प्लान इन्टरनेशनलको तर्फबाट उपलब्ध गराउने , हिमा गाउँपालिकाले ६,५०००० बाल कोषमा जम्मा गर्ने गरी तत्काल बाल कोषको स्थापना गर्ने र स्पष्ट कार्यविवरण सहित बाल कल्याण अधिकारी तोक्ने निर्णय गरेको छ ।



घ) मिति २०७७ चैत्र १७ गते महिला बालबालिका तथा ज्येठ नागरिक मन्त्री एवम् राष्ट्रिय बाल अधिकार परिषद्का अध्यक्ष माननीय जुली कुमारी महतोज्यूले प्रदेश नं. २ को जनकपुरधाममा नेपाल सरकार, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्वाट सञ्चालन अनुमति प्राप्त संस्था आसमान नेपालमार्फत सञ्चालित बाल हेल्पलाइन १०९८ को उदघाटन गर्नु भएको छ । कार्यक्रममा धनुषा जिल्लाका जि.स.स. प्रमुख, पालिकाहरूका प्रमुख तथा उप—प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रदेश प्रहरी प्रमुख, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख, राष्ट्रिय बाल अधिकार परिषद्, स्थानीय तह गै.स.स.महासंघका प्रमुख, पत्रकार महासंघका प्रमुख तथा प्रतिनिधि, सञ्चारकर्मी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाका प्रमुख तथा प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो । सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सिन्धुली जिल्लाबाट निःशुल्क रूपमा सम्पर्क गर्न सकिने बाल हेल्पलाइन १०९८, धनुषाले सम्बन्धित जिल्लाका बालबालिका विरुद्धको हिंसा, दुव्र्यवहार तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको घटना सम्बोधनमा प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा सहित सफलताको शुभकामना प्रवाह गरिएको थियो ।




ङ) मिति २०७७ साल चैत्र १९ र २० गते राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य तथा बालगृह अनुगमन उपसमितिका संयोजक श्री सुन्दर लामिछानेज्यूको अध्यक्षतामा ललितपुर जिल्लाका ललितपुर महानगरपालिका, महालक्ष्मी नगरपालिका, गोदावरी नगरपालिका, भक्तपुर जिल्ला र काठमाडौं जिल्लामा सञ्चालित ३६ वटा बालगृहका ५८ जना पदाधिकारी, व्यवस्थापक र कर्मचारी तथा सम्बन्धित पालिकाका बालबालिका शाखा हेर्ने प्रमुख एवं प्रतिनिधिज्यूहरूको आतिथ्यतामा बालबालिका सम्बन्धी विद्यमान् कानूनी व्यवस्था र बालगृह सञ्चालन सम्बन्धी प्रचलित मापदण्डको बारेमा अभिमूखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो । परिषद्का सदस्य तथा बालगृह अनुगमन समितिका संयोजक श्री सुन्दर लामिछानेज्यूले कार्यक्रममा उठेका सुझाव र जिज्ञासाहरू जस्तैः जन्मदर्ताको सवाल, नागरिकताको विषय, बालगृहको अनुगमनमा एकरुपता, सञ्चालन अनुमतिका विषय लगायत सवालहरूको सम्बोधन गर्नु भएको थियो ।



च) मिति २०७७।१२।२२ गते राष्ट्रिय बाल अधिकार परिषदको आयोजनामा मोरङ्ग, सुनसरी, झापा जिल्लाका अस्थायी संरक्षण सेवा सञ्चालक संस्थाका १८ जना सामाजिक कार्यकर्ताहरुलाई बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी अभिमूखीकरण गरिएको छ ।




छ) २०७७ फागुन महिनामा प्रदेश नं. १, २ र बागमति प्रदेशका सप्तरी, सर्लाही, दोलखा, महोत्तरी, सिन्धुपाल्चोक, जुम्ला, सोलुखुम्बा, धनुषा, काभ्रेपलाञ्चाक, मकवानपुर, महोत्तरी, सिन्धुली, चितवन, धादिङ, नुवाकोट जिल्लाको जिल्ला समन्वय समितिको आयोजना तथा राष्ट्रिय बाल अधिकार परिषद्को सहजीकरणमा बाल अधिकार सुनिश्चितताका लागि जिल्ला स्तरीय छलफल कार्यक्रम सम्पन्न गरिएको छ । १४ जिल्लामा सम्पन्न यस अभिमूखीकरण तथा छलफल कार्यक्रममा सम्बन्धित जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, जिल्ला समन्वय अधिकारी, सबै पालिकाका प्रमुख÷अध्यक्ष, उप–प्रमुख÷उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत बाल अधिकारका क्षेत्रमा क्रियाशील सेवा प्रदायक संस्थाहरूका ८२९ जनाको  सहभागिता रहेको थियो । कार्यक्रमबाट सबै स्थानीय तहहरूले बालबालिका सम्बन्धी ऐन, २०७५ को कार्यान्वयन, बाल अधिकार सम्बन्धी कार्यविधि, बाल अधिकार सम्बन्धीका संरचना, बालकल्याण अधिकारीको व्यवस्था, बाल कोषको स्थापना गर्ने विषयमा प्रतिवद्धता समेत व्यक्त गर्नुभएको थियो ।


(ज) परिषद्ले सञ्चालन गरेको अनुशिक्षण पश्चात हालसम्म बाल अधिकारको कार्यन्वयनका लागि प्रदेश नं. १ मा १४ वटा स्थानीय तहमा, कर्णाली प्रदेशमा १५ वटा स्थानीय तहमा कार्यविधि निर्माण गरी लागू गरेका छन् भने प्रदेश नं. १मा ३ वटा स्थानीय तहमा र कर्णाली प्रदेशमा १५ वटा पालिकामा बाल अधिकार समिति गठन भएको छ भने प्रदेश नं. १मा २ जना र कर्णाली प्रदेशमा ७ जना बालकल्याण अधिकारी तोक्ने तथा नियुक्त गर्ने कार्य भएको छ ।



**प्रदेश नं. १, २ र बागमति प्रदेशको जिल्ला स्तरीय छलफल कार्यक्रमको तालिका**


| मिति | जिल्ला | सहभागी संख्या | प्रतिबद्धताको बुँदा | छलफलको विषय |
|---|---|---|---|---|
| २०७७ चैत्र ७ | सप्तरी | ६३ | १३ | १४ जिल्लाका जि.स.स. प्रमुख/उपप्रमुख, प्रशासन प्रमुख, स्थानीय तहका प्रमुख/अध्यक्ष उपप्रमुख/उपाध्यक्ष, प्रशाकीय प्रमुख तथा प्रतिनिधि, सरोकारवाला निकायबाट गरी जम्मा ८२९ जनाको सहभागिता रहेको थियो । |
| २०७७ चैत्र ८ | सर्लाही | ५० | १३ | |
| २०७७ चैत्र ८ | दोलखा | ६० | १२ | |
| २०७७ चैत्र ९ | महोत्तरी | ५८ | १३ | |
| २०७७ चैत्र ९ | सिन्धुपाल्चोक | ४५ | १२ | |
| २०७७ चैत्र १३ | जुम्ला | ४८ | १२ | |
| २०७७ चैत्र १६ | सोलुखुम्बु | ४५ | ५ | |
| २०७७ चैत्र १८ | चितवन | ५२ | १३ | |
| २०७७ चैत्र १९ | धादिङ | ४२ | १३ | |
| २०७७ चैत्र २२ | नुवाकोट | ४६ | १३ | |
| २०७७ चैत्र २५ | सर्लाही | २६ | १३ | |
| २०७७ चैत्र २५ | मकवानपुर | ५९ | १३ | |
| २०७७ चैत्र २६ | महोत्तरी | ३८ | १३ | |
| २०७७ चैत्र २७ | सिन्धुली | ७७ | १३ | |
| २०७७ चैत्र २९ | धनुषा | ४२ | १३ | |
| २०७७ चैत्र ३० | धनुषा | ४४ | १३ | |
| २०७७ चैत्र ३० | काभ्रेपलाञ्चोक | ३४ | १३ | |






## सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ई–पोर्टल र विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका ६० वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी सोको विश्लेषण गरिएको छ । यस सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यस अवधीमा विभिन्न सञ्चार माध्यममा आएका बालबालिकाको अधिकार उल्लंघन तथा हिंसा एवं जोखिम सम्बन्धी समाचारहरूको आधारमा परिषद्ले सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यकता अनुसार स्थानीय तह, प्रहरी प्रशासन, बाल हेल्पलाइन १०९८, बालबालिकाका खोजतलास केन्द्र (१०४), श्रम कार्यालय लगायतका सरोकारवाला निकायसँग समन्वय गरी घटना व्यवस्थापनमा सहजीकरण गरिएको छ ।




**कोभिड १९ र बालबालिका**

(क) कोभिड–१९ को महामारी शुरू भएदेखि २०७७ चैत्र ३१ गतेसम्म २० वर्षसम्मका २४ हजार ९ सय ४४ जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका ६ हजार ५ सय ७६ जना बालबालिका (३८८२ बालक र २६९४ बालिका) प्रभावित भएको देखिन्छ । प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ ।




***राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीतियोजना तथा सञ्चालित , ,कार्यक्रमहरूको बारेमा थप सूचना जानकारीको लागिपरिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।***

रामबहादुर चन्द
सूचना अधिकारी
राष्ट्रिय बाल अधिकार परिषद्
सम्पर्क नं (कार्यालय) ५५५०१२१-०१ .
९८४१३८६८७१ म)ो(.
इमेलः- ram@ncrc.gov.np, rambdrchand@gmail.com, contact@ncrc.gov.np
वेवसाइटः-www.ncrc.gov.np,
ई-पोर्टलः- www.childrights.gov.np
Facebook:-
https://www.facebook.com/ncrc.nepal.5,
https://www.facebook.com/ncrcnepalgov
Twitter:- https://twitter.com/ChildNcrc